गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था

032293

# गरिमा विकास बैंक लिमिटेड "कर्पोरेट बिजनेस अवार्ड २०२६" बाट सम्मानित भएको सन्दर्भमा प्रकाशित प्रेस विज्ञप्ति

गरिमा विकास बैंक लिमिटेड कर्पोरेट बिजनेस अवार्ड एण्ड समीट २०२६ मा विकास बैंक समूहतर्फ "डेभलपमेन्ट बैंक अफ द इयर २०२६" बाट सम्मानित भएको छ । कर्पोरेट बिजनेस म्यागजिनद्वारा मिति २०८३ आषाढ ४ गते, विहिबार काठमाडौको होटल र्‍याडिसनमा आयोजित कर्पोरेट बिजनेस अवार्ड एण्ड समीटको अठारौं संस्करणमा यस विकास बैंक उक्त अवार्डबाट सम्मानित भएको हो ।

अवार्ड वितरण कार्यक्रमका विशेष अतिथि तथा राज्य व्यवस्था तथा सुशासन समितिका सभापति माननीय हरी ढकालले यस विकास बैंकका प्रमुख कार्यकारी अधिकृत श्री माधव प्रसाद उपाध्याय र नायब प्रमुख कार्यकारी अधिकृत श्री अनिल रेग्मीलाई उक्त अवार्ड हस्तान्तरण गर्नुभएको हो । उक्त कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ तथा विभिन्न व्यवसायिक संघसंस्थाका प्रतिनिधीहरुको उल्लेख्य उपस्थिति रहेको थियो । यस सुखद अवसरमा यस विकास बैंकलाई निरन्तर साथ, सहयोग एवं माया गर्नुहुने सम्पूर्ण ग्राहक महानुभावहरु, शेयरधनी महानुभावहरु, नियमनकारी निकायहरु एवं शुभचिन्तकहरु प्रति हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छौं ।

ISO 9001:2015 र ISO 27001:2022 मान्यता प्राप्त यस विकास बैंक न्यू बिजनेस एज लिमिटेडद्वारा मे ८, २०२६ मा आयोजित न्यूबिज कन्क्लेभ एण्ड बिजनेस एक्सिलेन्स अवार्डस्को दशौं संस्करणमा "बेस्ट म्यानेज्ड डेभेलपमेन्ट बैंक २०२६"बाट समेत सम्मानित भएको थियो ।

हाल, गरिमा विकास बैंक लिमिटेडले देशभर १२६ शाखा कार्यालय, ५१ एटिएम एवं नविनतम डिजिटल बैंकिङ् मार्फत करिब ९ लाख ग्राहकहरुलाई सरल, सुरक्षित एवं गुणस्तरीय सेवा प्रदान गर्दै आईरहेको छ ।

भवदिय,

GARIMA BIKAS BANK LIMITED
गरिमा विकास बैंक लिमिटेड
HEAD OFFICE: LAZIMPAT, KATHMANDU

.....................

अनिल रेग्मी
नायब प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव
मिति : २०८३/०३/०५

Head Office: Kathmandu 02, Lazimpat
Call Center No. +977 1 5970179
info@garimabank.com.np
www.garimabank.com.np